# श्री झरना सामुदायिक वन उपभोक्ता समूह
## चुरे गा.पा. वडा नं. २, कैलाली

मिति : २०७९।१०।१३

**विषय: सूचना/ सूचना / सूचना ।**

उपरोक्त विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको सामूदायिक वन क्षेत्रवाट संकलन भई घांटगद्धी भएको साल गोलिया **थान ७९ को ११०९।०९ क्यु.फी** काठ छिमेकी समूह र कैलाली जिल्ला भित्रका उपभोक्ता तथा संघ संस्थाहरुलाई कैलाली जिल्ला भित्रै काठ प्रयोग गर्ने गरि आफनै प्रयोजनका लागी आवश्यक भएमा सम्वन्धित व्यक्ति तथा संघ संस्थाहरुले यो सुचना प्रकाशित भएको मितिले १०(दश) दिन भित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा रितपुर्वकको निवेदन पेश गर्नु हुन अनुरोध छ । विस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ ।

अध्यक्ष

CamScanner

# श्री घोराही सामुदायिक वन उपभोक्ता समूह

घोडाघोडी न.पा.-१२, कोटा, कैलाली

प.स :०७९/०८०
च.नं :

२१ दिने प्रथम पटक सूचना प्रकाशित मिति २०७९/१०/०७ गते

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको विस्तृत सूचना ।

यस श्री घोराही सामुदायिक वन उपभोक्ता समूह घोडाघोडी न.पा.-१२, कोटा, कैलालीको सामुदायिक वन क्षेत्रबाट नियमानुसार आ.व. २०७६/०७७ मा उत्पादित काठ/दाउरा सा.व.उ.स.को निम्न परिमाणको काठ गोलिया/साल दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रीत पुगेका इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनिले यो सूचना पहुरा राष्ट्रिय दैनिक खवर पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिन दिनको १२:०० बजे भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

तपशिल

१. वन पैदावारको विवरण :

| सि.न. | जात | ग्रेड | थान | परिमाण (क्यु.फिट.) | कै. |
|---|---|---|---|---|---|
| १ | साल | B | २ | ३७.२६ | |
| | | C | ३४ | १७९.७ | |
| २ | अस्ना | A | ७ | १६५.०३ | |
| | | B | २ | १५.६६ | |
| ३ | कर्मा | A | २ | २३.७२ | |
| | | B | ४ | २२.८४ | |
| ४ | कुसुम | | १ | ९.२९ | |
| सालको दाउरा | | | | २.५ | |

२. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकको प्रमाण-पत्र, फर्मदर्ताको प्रमाण-पत्र, आयकर र,PAN दर्ताको प्रमाण-पत्र वा मु.अ. करमा दर्ता भएका प्रमाण-पत्रको प्रतिलिपि संलग्न राखी बोल-पत्र साथ पेश गर्नुपर्ने छ ।

३. बोलपत्र फाराम प्रति लटको रु. १०००।- (फिर्ता नहुने गरी) यस सा.व.उ.स.घोडाघोडी न.पा.१२, कोटाको कार्यालयबाट वा डि.व.का. पहलमानपुर, कैलालीबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

४. बोल-पत्र साथ आफूले कबोल गरेको रकमको १० प्रतिशत ले हुन आउने धरौटी रकम यस समूहको कुमारी बैंक लिमिटेड शाखा कार्यालय पहलमानपुरको खाता नं. १७१००७४१००३०००० २ मा जम्मा गरी सक्कलै भौचर बोल-पत्र साथ समावेश हुनुपर्ने छ ।

५. प्रत्येक लटको छुट्टाछुट्टै बोल-पत्र खरिद गरी छुट्टाछुट्टै लट नम्वर समेत उल्लेख गरी पेश गर्नुपर्ने छ ।

६. बोल-पत्र भर्दा केरमेट नगरी अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट र शर्त राखेमा मान्यता दिइने छैन ।

७. बोल-पत्र पेश गर्दा शिलबन्दी खामको बाहिरपट्टी समूहको अध्यक्षलाई सम्बोधन गरी आफूले सकार गरेको लट नं. र सकार कर्ताको नाम, थर र वतन स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

८. बोल-पत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने दिन विदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिनको सोही समयलाई कायम गरिनेछ ।

९. समूहको कार्यालयमा दर्ता हुनआएका शिलवन्दी बोल-पत्र सूचना प्रकाशित भएको मितिले २२ औं दिन दिनको १२:०० बजे वन प्रतिनिधि र नियमानुसारका प्रतिनिधीहरुको रोहवरमा समूहको कार्यालयमा खोलिनेछ । बोल-पत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

१०. बोल-पत्र सदर गर्ने/नगर्ने सम्पूर्ण अधिकार अधिकार प्राप्त अधिकारी वा यस समूहमा निहित रहनेछ ।

सचिव

CamScanner

११. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिनभित्र सकार गरेको रकम तथा संकलन खर्च, निर्धारित मुल्य अभिवृद्धि कर लगायत सकार कर्ताले सकार रकम वाहेक नियमानुसार लाग्ने कर वापतका रकम छुट्टै बुझाई तोकिएको अवधि भित्र काठ/दाउरा उठाई लैजानु पर्ने छ ।

१२. लिलाम वढावढ हुने वन पैदावार कार्यालय समय भित्र घोराही सा.व.उ.स., घोडाघोडी न.पा.१२, कोटाको सा.व.घाटगद्दी स्थल कार्यालय परिसर मा गई हेर्न सकिनेछ ।

१३. रित नपुगी वा म्याद नाघी आएको बोल-पत्र उपर कुनै कारवाही हुने छैन ।

१४. यस सम्वन्धी अन्य कुरा बुझ्नु परेमा यस समुहको कार्यलयमा कार्यालय समय भित्र सम्पर्क राखि बुझ्न सकिने छ वा टेलिफोन नं. ९७६२२९१६१६ र ९८१४६२८६८५ सम्पर्क गर्न सकिने छ ।

१५. अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

सचिव